आज मिति २०८१ साल पौष ……७…… गते " दिगो विकास, अनुपम संस्कृति, उन्नत पर्यटन, समृद्ध चुमनुब्री" को दिर्घकालिन सोचका साथ चुमनुब्री गाउँपालिकाको सोह्रौं गाउँसभा तथा हिउँदे अधिवेशन चुमनुब्री गाउँपालिकाका अध्यक्ष श्री निमा लामा ज्यूको अध्यक्षतामा सम्पन्न गरियो ।

चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिर्दिबास, गोरखा गण्डकी प्रदेश, नेपाल

**उपस्थिति :**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | निमा लामा | |
| २ | उपाध्यक्ष | लक्ष्मी गुरुङ | |
| ३ | वडा अध्यक्ष वडा नं. १ | कर्मा छेवाङ लामा | |
| ४ | वडा अध्यक्ष वडा नं. २ | मिङ्ग्युर दोर्जे लामा | |
| ५ | वडा अध्यक्ष वडा नं. ३ | राम कुमार गुरुङ | |
| ६ | वडा अध्यक्ष वडा नं. ४ | पेमा ग्यलपो लामा | |
| ७ | वडा अध्यक्ष वडा नं. ५ | कालेन छेवाङ | |
| ८ | वडा अध्यक्ष वडा नं. ६ | सरोज लामा | |
| ९ | वडा अध्यक्ष वडा नं. ७ | टसी दोर्जे लामा | |
| १० | सदस्य कार्यपालिका | रुवेश घले | |
| ११ | सदस्य कार्यपालिका | गणेश विश्वकर्मा | |
| १२ | सदस्य कार्यपालिका | कुन्छोक डोल्मा लामा | |
| १३ | सदस्य कार्यपालिका | सुनाम साङमो | |
| १४ | सदस्य कार्यपालिका | ढोलमा लामा | |
| १५ | सदस्य कार्यपालिका | छिरिङ भुटी लामा | |
| १६ | सदस्य वडा नं १ | दिक्षिण डोमा लामा | |
| १७ | सदस्य वडा नं १ | कर्मा साम्डु लामा | |
| १८ | सदस्य वडा नं १ | पासाङ लामा | |
| १९ | सदस्य वडा नं २ | धावा साङ्मो लामा | |
| २० | सदस्य वडा नं २ | छिरिङ छिम्बुल लामा | |
| २२ | सदस्य वडा नं २ | पेम्बा छिरिङ लामा | |
| २३ | सदस्य वडा नं. २ | लाक्पा डिकी वि.क. | |
| २४ | सदस्य वडा नं ३ | लाङमा गुरुङ | |
| २५ | सदस्य वडा नं ३ | कान्छा गुरुङ | |
| २६ | सदस्य वडा नं ३ | जिवन गुरुङ | |
| २७ | सदस्य वडा नं ३ | फुतानी कमिनी | |
| २८ | सदस्य वडा नं ४ | सोनाम छिरिङ लामा | |

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| २९ | सदस्य वडा नं ४ | फुर्प ठिले लामा | |
| ३० | सदस्य वडा नं ५ | तान्जेन नुर्पु गुरुङ | |
| ३१ | सदस्य वडा नं ५ | खामसुङ दोर्जे | |
| ३२ | सदस्य वडा नं ६ | सोनाम लामा | |
| ३३ | सदस्य वडा नं ६ | ठिन्ले घ्याम्छो लामा | |
| ३४ | सदस्य वडा नं ७ | छेतेन छुम्बेल लामा | |
| ३५ | सदस्य वडा नं ७ | छेतेन लुण्डुप लामा | |
| ३६ | सदस्य सचिव | मनोज लामिछाने | |

**अन्य उपस्थिति :**

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अधिकृत सातौं लेखा | गिरिजा प्रसाद रिजाल | |
| २ | अधिकृत सातौं(इन्जिनियर) | संगम पौडेल | |
| ३ | जनस्वास्थ्य निरीक्षक | प्रेम गुरुङ | |
| ४ | अधिकृत छैटौं प्रशासन | वेद प्रकाश ढकाल | |
| ५ | कार्यालय प्रमुख/प्रतिनिधि | (मालपोत कार्यालय, छेकम्पार, गोरखा) सन्दीप प्र.अ. धिकारी | |
| ६ | कार्यालय प्रमुख/प्रतिनिधि | नापी कार्यालय छेकम्पार, गोरखा सन्दीप चौरसिया | |
| ७ | कार्यालय प्रमुख/प्रतिनिधि | मनास्लु संरक्षण क्षेत्र आयोजना गोरखा [illegible] | |
| ८ | कार्यालय प्रमुख/प्रतिनिधि | मनास्लु संरक्षण क्षेत्र आयोजना छेकम्पार भुवनराज [illegible] | |
| ९ | प्रशासन शाखा प्रमुख | सन्दीप रेग्मी | |
| १० | वरिष्ठ प्रशासन सहायक | वासुदेव वली | |
| ११ | सब इन्जिनियर | पवन कुमार शाह | |
| १२ | कृषि शाखा प्रमुख | अशोक जोशी | |
| १३ | पशु शाखा प्रमुख | विशाल वि.सी. | |
| १४ | MIS अपरेटर | कुसुम गुरुङ | |
| १५ | रोजगार संयोजक | लक्ष्मण गुरुङ | |
| १६ | फिल्ड सहायक | सुजता गुरुङ | |
| १७ | उद्यम विकास सहजकर्ता | पुष्कर प्रकाश टमटा | |
| १८ | रोजगार सहायक | सेराप गुरुङ | |
| १९ | व्य.म.वि.नि. | जानकी कटेल | |
| २० | वडा सचिव | जुनी माजन्धर | |

चुमनुब्री गाउँसभा १६ औं अधिवेशन मिति : २०८१।०९।०७ गते।
सभाका एजेण्डा गाउँसभा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०९।०१ गते।

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

मिति २०८१।०९।०७ गतेको गाउँसभाका प्रस्तावहरू

१. स्थानीय पाठ्यक्रम सम्बन्धमा।
२. योजना संशोधन सम्बन्धमा।
३. विपद व्यवस्थापनका योजना सम्बन्धमा।
४. प्रधानमन्त्री रोजगार कार्यक्रममा योजना छनौट सम्बन्धमा।
५. स्थानीय शिक्षा योजना निर्माण सम्बन्धमा।
६. कुकुर नियन्त्रण तथा बन्ध्याकरण सम्बन्धमा।
७. पोस्योप पिक सम्बन्धमा।
८. झोलुंगे पुल निर्माण सम्बन्धमा।
९. प्रस्ताव पेश गर्ने सम्बन्धमा।
१०. आयोजना माग सम्बन्धमा।
११. सरूवा सहमति सम्बन्धमा।
१२. प्रारम्भिक वाल विकास केन्द्रलाई मसलन्द खर्च दिने सम्बन्धमा।
१३. बुद्ध आ वि लारमा आवसिय कोटा व्यवस्थापन सम्बन्धमा
१४. सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।
१५. बजेट व्यवस्थापन सम्बन्धमा ।
१६. भुक्तानी बाँकी योजना सम्बन्धमा।
१७. राजीनाम स्विकृत गर्ने सम्बन्धमा।
१८. कर्मचारी भर्ना गर्ने सम्बन्धमा।
१९. सिर्दिवास छेकम्पार ङुईला भञ्ज्याङ मोटरबाटो सम्बन्धमा।
२०. चेकपोष्ट स्थल सम्बन्धमा।
२१. कार्यविधिहरू स्विकृत गर्ने सम्बन्धमा।
२२. तलबी प्रतिवेदन सम्बन्धमा।
२३. बुढिगण्डकी फिलिम जोड्ने मोटरेबल पुल निर्माण सम्बन्धमा।
२४. फर्निचर हस्तान्तरण सम्बन्धमा।
२५. आवधिक योजना निर्माण गर्ने सम्बन्धमा।
२६. बेनीघाट लार्के सडक निर्माण लागि बजेट थप गर्ने सम्बन्धमा।
२७. आर्थिक सहायता सम्बन्धमा।
२८. 4G टावर निर्माण गर्ने सम्बन्धमा।
२९. चुमभ्याली बुद्धिजम पदमार्ग निर्माण सम्बन्धमा।
३०. शैक्षिक भ्रमणमा अनुदान दिने सम्बन्धमा।

निमा लामा
अध्यक्ष

३१. न्यायिक समिति व्यवस्थापन सम्बन्धमा ।
३२. सम्मान गर्ने सम्बन्धमा ।
३३. हिमाल आरोहण रोयल्टी सम्बन्धमा ।
३४. ढुवानी ज्याला तोकिएको सम्बन्धमा ।
३५. भेरियसन आदेश स्विकृत सम्बन्धमा ।
३६. क्यान नेपालसँग सम्झौता सम्बन्धमा ।
३७. पालिका लोगो तथा व्याच निर्माण सम्बन्धमा ।
३८. उपाध्यक्ष महिला सशक्तिकरण सम्बन्धमा ।
३९. सहयोग सम्बन्धमा ।
४०. शिक्षक सम्मान सम्बन्धमा ।
४१. हिउँदे अधिवेशन सम्बन्धमा ।
४२. संघीय राजश्व संकलनमा समन्वय गर्ने सम्बन्धमा ।
४३. डिपो स्थापना सम्बन्धमा ।
४४. पालिका भवन निर्माण योजना सम्बन्धमा ।
४५. बिड ओपनिङ समिति गठन सम्बन्धमा ।
४६. खरिद ईकाई गठन सम्बन्धमा ।
४७. बालुवा कलेक्सन नर्म्स पारित सम्बन्धमा ।
४८. कर्मचारी काजमा खटाउने सम्बन्धमा ।
४९. जिन्सी निरिक्षण सम्बन्धमा ।
५०. बजेट व्यवस्थापन सम्बन्धमा ।
५१. संक्षिप्त वातावरणिय अध्ययन गर्ने सम्बन्धमा ।
५२. स्थानीय दररेट सम्बन्धमा ।
५३. कर्मचारी तथा पदाधिकारी आपतकालिन राहत/उद्दार कार्यक्रम खर्च विधि सम्बन्धमा ।
५४. कार्यविधि संशोधन सम्बन्धमा ।
५५. पुँजीगत अनुसन्धान तथा परामर्श सेवा लिने सम्बन्धमा ।
५६. ढुवानीमा लागत साझेदारी सम्बन्धमा ।
५७. बजेट व्यवस्थापन सम्बन्धमा ।
५८. आरोहीलाई सम्मान गर्ने सम्बन्धमा ।
५९. विपद राहत सम्बन्धमा ।
६०. सम्मान सम्बन्धमा ।
६१. पशु बिमा सम्बन्धमा ।
६२. स्पेशल परमिट सम्बन्धमा ।
६३. हेली उद्धार सम्बन्धमा ।
६४. योजना संशोधन सम्बन्धमा ।
६५. धर्मशालामा धर्मशाला निर्माण गर्ने सम्बन्धमा ।

निमा लामा
अध्यक्ष

६६. जग्गा उपभोग गर्न दिने सम्बन्धमा।
६७. संशोधित वार्षिक कार्यक्रम स्विकृत सम्बन्धमा।
६८. पालिकाको प्रशासकीय भवन निर्माणमा स्रोत सुनिश्चितता सम्बन्धमा।
६९. आर्थिक सहयोग सम्बन्धमा।

चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिर्दिबास, गोरखा गण्डकी प्रदेश, नेपाल

**निर्णयहरू**

१. प्रस्ताव नं १ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा चुमनुब्री सेरोफेरो तथा चुमनुब्री स्थानीय पाठ्यक्रम निर्माणका लागि इडल सस्टेनेबल सोलुसन प्रा ली बीच सम्झौता भई निर्माण भएको स्थानीय पाठ्यक्रमलाई चुमनुब्री गाउँ शिक्षा समितिको सिफारिस बमोजिम स्विकृत गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा आ व २०८१।८२ को वार्षिक स्विकृत कार्यक्रमको कामको प्रकृति फरक नपर्ने गरी देहायका योजनाका नाम संशोधन गर्ने निर्णय गरियो।

| सि नं | योजनाको नाम र स्थान | संशोधन हुनु पर्ने नाम र स्थान | बजेट |
|---|---|---|---|
| १ | क्र्याक छ्योकाङ गुम्बा गेट पर्खाल निर्माण योजना, चुमनुब्री-५ | लाङबुक खोला देखी सेराङ गुम्बा जाने बाटो निर्माण योजना | रू १० लाख |
| २ | ल्हो सामुदायिक भवन घेरावार निर्माण योजना | ल्हो सामुदायिक भवन मर्मत तथा किचन व्यवस्थापन योजना | रू ८ लाख |

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा २०८१ को मनसुन वर्षाका कारण भएका विपद क्षतिबाट प्रभावित विविध संरचनाको मर्मत सम्भार तथा निर्माण स्वरूप देहायका योजनाको प्राविधिक मूल्यांकनका आधारमा विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी दिने निर्णय गरियो।

| सि नं | योजनाको नाम | स्थान | कै |
|---|---|---|---|
| १ | घ्याबो खोला काठेपुल निर्माण | चुमनुब्री-१ सामागाउँ | |
| २ | लेला बाटो मर्मत | चुमनुब्री-१ सामागाउँ | |
| ३ | दुङसुङ खोला काठेपुल निर्माण | चुमनुब्री-२ ल्हो | |
| ४ | गाङनाङ बाटो मर्मत | चुमनुब्री-२ ल्हो | |
| ५ | सर्स्युआँगा बाटो मर्मत | चुमनुब्री-३ सर्स्यु | |
| ६ | फिलिम पाती बाटो मर्मत | चुमनुब्री-३ | |
| ७ | माँझे-प्रोक बाटो मर्मत | चुमनुब्री-४ प्रोक | |
| ८ | कोया-खोला बाटो मर्मत | चुमनुब्री-५ विहि | |
| ९ | चुम्लिङ-चुम्चेत लघुजलविद्युत मुहान मर्मत | चुमनुब्री-६ | |
| १० | धुम्चे-सिप्चेत बाटो मर्मत | चुमनुब्री-६ | |
| ११ | खङ्ग्यू खोला काठेपुल मर्मत | चुमनुब्री-७ | |

निमा लामा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| १२ | नाङ्ग्यू खोला काठेपुल निर्माण | चुमनुब्री-७ | |
| १३ | सल्लेरी-चिसापानी-न्याक-ड्याङ पदमार्ग मर्मत | चुमनुब्री-३ | |
| १४ | सर्स्यु खानेपानी मर्मत | चुमनुब्री-३ | |

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ व २०८१।८२ मा देहायका योजना प्राविधिकबाट सर्भे, अनुगमन तथा मुल्यांकन गराई सञ्चालन गर्ने र कार्यसम्पन्न भएपश्चात कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरियो।

| सि नं | योजनाको नाम | स्थान | स्रोत | कै |
|---|---|---|---|---|
| १ | ल्हो झो पु देखी दुङसुङ बाटो निर्माण | चुमनुब्री-२ ल्हो | नेपाल सरकार | |
| २ | प्रोक-कालताल बाटो मर्मत | चुमनुब्री-४ प्रोक | नेपाल सरकार | |
| ३ | गाप-क्वाक जाने बाटो मर्मत | चुमनुब्री-प्रोक | नेपाल सरकार | |
| ४ | भञ्जागाङ देखी भुमराङ सम्म बाटो निर्माण | चुमनुब्री-५ विहि | युवा रोजगार कार्यक्रम | |
| ५ | क्युतुर देखि वाङसुर जाने बाटो निर्माण | चुमनुब्री-५ विहि | युवा रोजगार कार्यक्रम | |
| ६ | खातेत देखि तितुर जाने बाटो निर्माण | चुमनुब्री-५ विहि | युवा रोजगार कार्यक्रम | |
| ७ | थाङा पहिरो नियन्त्रण योजना | चुमनुब्री-६ लोक्पा | युवा रोजगार कार्यक्रम | |
| ८ | लार स्तुपा संरक्षण योजना | चुमनुब्री-७ लार | नेपाल सरकार | |
| ९ | झोङ खोला पहिरो नियन्त्रण योजना | चुमनुब्री-७ झोङ | नेपाल सरकार | |
| १० | चौतारो डाँडो देखि ब्लाक्सी प्ले सम्म बाटो निर्माण | चुमनुब्री-३ भालुवान | नेपाल सरकार | |
| ११ | पाङसिङ गाउँदेखि गुम्बा सम्म बाटो निर्माण | चुमनुब्री-३ पाङसिङ | नेपाल सरकार | |
| १२ | सिर्दिवास गाउँ देखि मुल बाटो सम्म बाटो निर्माण | चुमनुब्री-३ सिर्दिवास | नेपाल सरकार | |
| १३ | माने डाँडा देखि आगा गाउँ सम्म जाने बाटो निर्माण | सिर्दिवास-३ आँगा | नेपाल सरकार | |

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको स्थानीय शिक्षा योजना निर्माण समिति तपसिलका पदाधिकारीको संलग्नतामा गठन गर्ने निर्णय गरियो।

संयोजक: श्री सरोज लामा, ६ नं वडा अध्यक्ष

सदस्य : श्री सन्दीप रेग्मी, कम्प्युटर अपरेटर पाँचौ तह

सदस्य : श्री सुदर्शन कुमाल, प्रा वि तृतिय श्री बुद्ध मा वि फिलिम

सदस्य सचिव : श्री वासु देव वली, शिक्षा शाखा प्रमुख

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा H.E.L.P. नेपाल संस्थाको मिति २०८१।०५।०२ को पत्रानुसार उक्त संस्थाले सामागाउँमा पशु चिकित्सक नियुक्त गर्ने, पदयात्रा मार्गमा सूचना पोष्टर राख्ने, क्यामेरा ट्र्याप र ड्रोन परियोजना, कुकर टोकाईको रिपोर्टिङ गर्ने कार्य सहितको सहयोग र समर्थनको अपेक्षा गरेकोमा कुकुर हेरचाहका लागि

निमा लामा
अध्यक्ष

कुकर टोकाईको रिपोर्टिङ गर्ने कार्य सहितको सहयोग र समर्थनको अपेक्षा गरेकोमा कुकुर हेरचाहका लागि वडा-वडामा शुल्क तत्काल नउठाउने तथा ड्रोन परियोजना सञ्चालन गर्दा जिल्ला प्रशासन कार्यालय तथा प्रहरी चौकीसँग अनुमती एवं समन्वय गर्ने गरि अन्य कार्यमा गाउँपालिकासँग समन्वय र सहकार्य गरी अघि बढ्ने बेहोराको जानकारी दिदैं उक्त संस्थालाई पत्राचार गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ७ छुले नजिकै रहेको पोस्योप पिक तहाँको स्थानीयवासीको जनविश्वास, धार्मिक तथा साँस्कृतिक महत्व तथा उक्त पिकमा अत्याधिक पहिरो गईरहने र आरोहण तथा अवलोकन गर्न पनि निकै नै जोखिम रहेको विषयलाई मध्येनजर गर्दै स्थानीय वासिन्दाको माग अनुसार उक्त पोस्योप पिकलाई आरोहण योग्य हिमालको सुचिबाट हटाईदिन पर्यटन विभागलाई लेखि पठाउने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ३ स्थित सल्लेरी पाती जोड्ने झोलंगे पुल निर्माणका लागि संघीय सरकारबाट बजेट विनियोजन भएकोमा आवश्यकता तथा औचित्यतता अनुसार उक्त झोलुंगे पुल वडा नं ३ अन्तर्गत फिलिम पाती जोड्ने गरी निर्माण गरिदिन स्थानीय पूर्वाधार विभागलाई अनुरोध गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय गोरखाको च नं ७७, मिति २०८१।०५।२८ को पत्रानुसार जिल्ला समन्वय समिति गोरखाको मौज्दात कोषबाट यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि २ करोड रूपैंया माग गर्ने र लागत अनुमानको बाँकी रकम अन्य निकाय र गाउँपालिकाले साझेदारी गर्ने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० उपर छलफल गर्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको विकास सहायता समन्वय शाखाको च नं ६८ मिति २०८१।०५।२० गतेको Mou on Projects Aid to Nepal अन्तर्गत स्थानीय तहहरूले आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी पत्रानुसार पर्यटन पूर्वाधार विकास अन्तर्गत पदयात्रा निर्माणका लागि दुधपोखरी फुटट्रेल निर्माण योजना छनौट गरी माँग गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा स्थानीय प्रशासन सेवा वरिष्ठ सहायक पाँचौ तहमा कार्यरत अमृत पोखरेललाई निजको शारिरिक अपांगताको कारणले हिंडडुल गर्न समस्या रहेको भनी निजले दिएको निवेदन तथा पोखरा महानगरपालिकाले दिएको सरूवा सहमतिको आधारमा समान तह र पदमा सरूवा भई जानका लागि सरूवा सहमति प्रदान गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ उपर छलफल गर्दा सामुदायिक विद्यालय भन्दा बाहिर रहेका प्रत्येक प्रारम्भिक वाल विकास केन्द्रलाई मसलन्द सामाग्री तथा शैक्षिक सामाग्री खरिद तथा व्यवस्थापनका लागि वार्षिक १० हजार रूपैयाँ भुक्तानी दिन गाउँपालिका भैपरी चालु शिर्षकबाट १ लाख रूपैया बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं १३ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ७ मा रहेको बुद्ध आ वि लारमा हिमाली आवासिय छात्रावासको २५ जना कोटा रहेकोमा हाल उक्त विद्यालयमा विद्यार्थी संख्या अत्यन्तै न्युन रहेको र छात्रावासमा कोही विद्यार्थी नबस्ने भनी जानकारी प्राप्त हुन आएकोमा सो सम्बन्धमा सत्यतथ्य छानाविन गरी २०८१ कात्तिक मसान्त भित्र प्रतिवेदन पेश गर्न चुमनुब्री गाउँपालिका गाउँ शिक्षा समितिलाई कार्यादेश सहित निर्देशन दिने निर्णय गरियो ।

निमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सिर्दिबास, गोरखा गण्डकी प्रदेश, नेपाल

१४.प्रस्ताव नं १४ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आ व २०८१।८२ को प्रथम चौमाशिकको सार्वजनिक सुनुवाई २०८१ असोज १० गते गर्ने गरी आवश्यक व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

१५.प्रस्ताव नं १५ उपर छलफल गर्दा भैपरी आउने चालु खर्च शिर्षकबाट देहायका योजना तथा कार्यक्रममा बजेट थप तथा विनियोजन गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | रकम रू | कै | स्रोत |
|---|---|---|---|---|
| १ | मनास्लु हिमालको थ्री डी मोडल | ४ लाख | बजेट थप | भैपरी चालु |
| २ | ग्याबीन खरिद | १० लाख | विनियोजन | भैपरी पुँजीगत |
| ३ | अन्य भत्ता | २ लाख | विनियोजन | भैपरी चालु |
| ४ | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | २ लाख ५० हजार | विनियोजन | भैपरी चालु(सशर्त अनुदानको कार्यक्रममा लागत साझेदारी) |

१६.प्रस्ताव नं १६ उपर छलफल गर्दा आ व २०८०।८१ मा योजना सम्पन्न भई तपसिल बमोजिमका भुक्तानी बाँकी योजनाहरूको पालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट अनुगमन गरी प्राविधिक मुल्यांकनका आधारमा यस अघि भएका भुक्तानी अनुमोदन गर्ने र भुक्तानी हुन बाँकी योजनाको भुक्तानी दिने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | स्थान | बजेट |
|---|---|---|---|
| १ | साम्दो ढल निर्माण योजना | चुमनुब्री-१ साम्दो | १० लाख |
| २ | सामागाँउ आमा समुह भवन झ्याल ढोका निर्माण | चुमनुब्री-१ सामागाँउ | ४ लाख |
| ३ | फिलिम चर्च भवन निर्माण | चुमनुब्री-३ फिलिम | १५ लाख |
| ४ | फिलिम आधारभूत विद्यालय झ्याल ढोका मर्मत | चुमनुब्री-३ पाती | ३ लाख |
| जम्मा | | | ३२ लाख |

१७.प्रस्ताव नं १७ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ४ का वडा सदस्य सोनाम छिरिङको राजीनामा पत्र र वडा नं ४ का वडा अध्यक्षको पत्र बमोजिम वडा सदस्य सोनाम छिरिङको राजीनामा स्विकृत गर्ने निर्णय गरियो ।

१८.प्रस्ताव नं १८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत १ जना कार्यालय सहयोगी, १ जना हलुका सवारी चालक, १ जना नायब पशु सेवा प्राविधिक र पदयात्रा शुल्क संकलन कार्यविधि २०८१ बमोजिम १ जना पदयात्रा शुल्क संकलनकर्ता सहायकतस्तर चौथो तहको कर्मचारी तथा स्वास्थ्य चौकी अन्तर्गत रहेका चौथो तहका अहेब तथा अनमीको प्रदेश लोकसेवा आयोगबाट पदपुर्ति नहुन्जेल सम्मका लागि करार सेवाबाट पदपुर्ति गर्ने निर्णय गरियो ।

१९.प्रस्ताव नं १९ उपर छलफल गर्दा सिर्दिवास-छेकम्पार-डुईला भञ्ज्याङ मोटरबाटो निर्माणका लागि संघीय सरकारबाट ३ करोड बजेट विनियोजन भएकोमा मोटरबाटो खण्ड कडा चट्टानबाट बनेको र सबै ट्रयाक ब्लाष्टिङ

निमा लामा
अध्यक्ष

गरि निर्माण गर्नु पर्ने हुँदा उक्त मोटरबाटो को सर्भे तथा निर्माण कार्यको जिम्मेवारी नेपाली सेनालाई दिन विभिन्न संघीय निकायमा लेखी पठाउने निर्णय गरियो।

२०.प्रस्ताव नं २० उपर छलफल गर्दा पदयात्रा शुल्क संकलन सम्बन्धी कार्यविधि २०८१ बमोजिम पदयात्रा शुल्क उठाउने तथा पर्यटक सुचना उपलब्ध गराउन चुमनुब्री गाउँपालिका वडा नं ३ जगतमा घरभाडामा लिई चेकपोष्ट निर्माण गरी पदयात्रा शुल्क उठाउने निर्णय गरियो।

२१. प्रस्ताव नं २१ उपर छलफल गर्दा देहायबमोजिमका कार्यविधिहरू दफावार रूपमा छलफल गरी सर्वसम्मतले स्विकृत गर्ने निर्णय गरियो।

क. पदयात्रा शुल्क संकलन सम्बन्धी कार्यविधि २०८१

ख. कर्मचारी प्रोत्साहन, फिल्ड भत्ता, पर्यटन काज तथा आवास सुविधा सम्बन्धी कार्यविधि २०८१

ग. होमस्टे सञ्चालन सम्बन्धी कार्यविधि २०८१

२२.प्रस्ताव नं २२ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकामा कार्यरत सम्पुर्ण स्थायी कर्मचारीहरूको आ व २०८०।८१ को तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो।

२३.प्रस्ताव नं २३ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका केन्द्र अझै पनि सडक सञ्जालबाट नजोडिएको हुँदा गाउँपालिका केन्द्रलाई सकड सञ्जालबाट जोड्ने बुढिगण्डकी नदिमाथि पक्की मोटरेबल पुल निर्माण गर्न Design & Build मोडलको प्रयोग गरी निर्माण गर्नका लागि स्थानीय पूर्वाधार विभागमा अनुरोध गर्ने निर्णय गरियो।

२४.प्रस्ताव नं २४ उपर छलफल गर्दा यसै गाउँपालिकालाई कार्यक्षेत्र बनाएर स्थापना भएका चुम कल्याण समिति र नुब्री समाज संस्थालाई फर्निचर, पार्टि चियर ११५ थान प्रति संस्था गरी कुल २३० थान खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो।

२५.प्रस्ताव नं २५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजना आ व २०८०।८१ को असार मसान्तमा समाप्त भएको हुँदा उक्त आवधिक योजनाको समिक्षा तथा दोश्रो पञ्चवर्षिय आवधिक योजना निर्माणका लागि प्रक्रिया अघि बढाउने निर्णय गरियो।

२६.प्रस्ताव नं २६ उपर छलफल गर्दा बेनीघाट लार्के रूईला भञ्ज्याङ उतर दक्षिण लोकमार्ग मोटरबाटो निर्माणका लागि आ व २०८१।८२ मा विनियोजन भएको बजेट अपुग हुने हुनाले नयाँ ट्र्याक निर्माणका लागि १० करोड बजेट थप गरिदिन संघीय भौतिक पुर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो।

२७.प्रस्ताव नं २७ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ७ मा विगत ३५ वर्ष देखि बस्दै आएका प्रकाश तामाङलाई स्रष्टा सम्मान शिर्षकबाट रू १ लाख नगद सहित सम्मान गर्ने र निजलाई आफ्नै घर भोजपुर सम्म ससम्मान पुराउने निर्णय गरियो।

२८.प्रस्ताव नं २८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ३ आगाँ डाँडा, वडा नं ६ चुम्चेत र वडा नं ७ छेकम्पारमा 4G सेवा नपुगेको हुँदा 4G टावर निर्माणका लागि नेपाल टेलिकम वायरलेस सेवा नर्देशनालयमा लेखि पठाउने निर्णय गरियो।

२९.प्रस्ताव नं २९ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका चुमभ्याली जानका लागि वैकल्पिक पदमार्गको रूपमा जगत-सल्लेरी-पाती-फिलिम-सर्स्यू-आगाँ-लोक्पा-सिप्चत हुँदै छेकम जोड्ने पदमार्गलाई चुमभ्याली बुद्धिजम ट्रेल नामाकरण गरी सरोकारवाला निकायहरूसँग समन्वय गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो।

निमा लामा
अध्यक्ष

३०.प्रस्ताव नं ३० उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ३ फिलिम स्थित रहेको बुद्ध माध्यमिक विद्यालयलाई विद्यार्थी शैक्षिक अवलोकन भ्रमणका लागि रू १,५०,०००। अनुदान दिनका लागि गाउँपालिका भैपरी आउने चालु खर्च शिर्षकबाट बजेट व्यवस्था गर्ने निर्णय गरियो।

३१.प्रस्ताव नं ३१ उपर छलफल हुँदा चुमनुब्री गाउँपालिका न्यायिक समितिलाई थप क्रियाशिल तथा प्रभावकारी बनाउनका लागि न्यायिक समिति सचिवालयका लागि आवश्यक कार्यालय भवन, फर्निचर तथा अन्य व्यवस्थापकीय सामाग्रीहरू व्यवस्थापन गर्ने निर्णय गरियो।

३२.प्रस्ताव नं ३२ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र रहेका देहायका संस्था तथा व्यक्तिहरूलाई सम्मान गर्ने निर्णय गरीयो।

| सि नं | संस्था वा व्यक्तिको नामथर | पद/ ठेगाना | पुर्याएको योगदान | गरिने सम्मान | कै |
|---|---|---|---|---|---|
| १ | ल्हो माध्यमिक विद्यालय | चुमनुब्री-२ ल्हो स्याला | २०८० को एस ई ई परिक्षामा गोरखा जिल्लामा उत्कृष्ट नतिजा ल्याउन सफल | नगद रू २० हजार र प्रशंसा पत्र | |
| २ | कादुरी नेपाल | | चुमनुब्री गाउँपालिकाका विविध स्थानमा लघुजलविद्युत तथा झोलुंगे पुल निर्माण गरेको | कदर पत्र | |
| ३ | धन बहादुर गुरूङ | निवर्तमान गा पा अध्यक्ष | गाउँपालिकाको विकास निर्माण तथा सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुर्याएको। | कदर पत्र | |
| ४ | कुमारी गुरूङ | निवर्तमान गा पा उपाध्यक्ष | गाउँपालिकाको विकास निर्माण तथा सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुर्याएको। | कदर पत्र | |
| ५ | गणेश भक्त त्रिपाठि | अधिकृतस्तर छैठौं, पोखरा २८ कास्की। | चुमनुब्री गाउँपालिका तथा यस क्षेत्रमा १४ वर्ष निजामती सेवामा रहि सेवा गरेकोमा। | नगद रू २० हजार र प्रशंसा पत्र | |
| ६ | हिरालाल गुरूङ | चुमनुब्री-३ फिलिम | स्वास्थ्य चौकी सिर्दिवासका लागि निशुल्क रूपमा जग्गा उपलब्ध गराए बापत। | कदर पत्र | |

३३.प्रस्ताव नं ३३ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र पर्ने मनास्लु हिमाल आरोहण बापत संकलन हुने रोयल्टी बाँडफाँट मादी गाउँपालिका कास्कीलाई समेत Adjoining स्थानीय तह भनी प्राकृतिक स्रोत तथा वित्त आयोगले रोयल्टी बाँडफाँट गर्दै आएकोमा मादी गाउँपालिका कास्की, मनास्लु हिमालको Adjoining स्थानीय तह नभएको हुँदा उक्त गाउँपालिकालाई रोयल्टि वितरण नगर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगलाई लेखी पठाउने निर्णय गरियो।

३४. प्रस्ताव नं ३४ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको केन्द्र फिलिम देखि वडा केन्द्रहरूसम्म विविध सामाग्री ढुवानी गरी पठाउने पर्ने हुँदा गाउँपालिका केन्द्र र वडा केन्द्र लगायतबीच रहेको भौगोलिक दुरी तथा विकटता, प्रचलित बजार भाउ तथा महंगीलाई मध्येनजर गर्दै अफठ्यारो प्रकृतिका मानिसबाट ढुवानी

निमा लामा
अध्यक्ष

गर्नु/गराउनु पर्ने सामाग्रीहरूको सहज तथा एकरूपता कायम गरी ढुवानी कार्य गर्न तपसिल बमोजिम ढुवानी दररेट निर्धारण गर्ने निर्णय गरियो।

| सि नं | स्थान | ईकाई | ढुवानी ज्याला दर | कै |
|---|---|---|---|---|
| १ | न्याकचेत-फिलिम | प्रति भारी ३० केजी | रू५०० | |
| २ | फिलिम- विहि | प्रति भारी ३० केजी | रू६५०० | |
| ३ | फिलिम-गाप | प्रति भारी ३० केजी | रू८५०० | |
| ४ | फिलिम-ल्हो | प्रति भारी ३० केजी | रू११५०० | |
| ५ | फिलिम-सामागाउँ | प्रति भारी ३० केजी | रू१२५०० | |
| ६ | फिलिम-चुम्लिङ | प्रति भारी ३० केजी | रू६५०० | |
| ७ | फिलिम-छेकम्पार | प्रति भारी ३० केजी | रू९५०० | |
| ८ | फिलिम-चुम्चेत गाउँ | प्रति भारी ३० केजी | रू८५०० | |

३५. प्रस्ताव नं ३५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आ व २०८०।८१ मा मिति २०८१।०५।२० सम्म ठेक्का म्याद थप भई आएको पाङसिङ बृहत खानेपानी निर्माण योजनाको कार्य सम्पन्न भएको भनी ३ नं वडा कार्यालयको च नं १९६, मिति २०८१।०५।०५ गतेको पत्रानुसार उक्त खानेपानी निर्माण योजनाको कार्य सम्पन्न भएको तर विविध कारणले गर्दा उक्त योजनाको बिल अफ क्वान्टिटी अनुसारको परिमाण नपुगेको भनी चुमनुब्री गाउँपालिका प्राविधिक शाखाबाट पेश भएको टिप्पणी नं प्रा./०१/२०८१/८२, मिति २०८१।०५।०७ गतेको टिप्पणी आदेशबाट पेश भएको पाङसिङ बृहत खानेपानी निर्माण योजनाको भेरियसन आदेश, आदेश नं १ सर्वसम्मतले स्विकृत गर्ने निर्णय गरियो।

३६.प्रस्ताव नं ३६ उपर छलफल गर्दा यस गाउँपालिकामा विगत २१ वर्ष देखि कार्यरत क्यान नेपाल संस्थालाई समाज कल्याण परिषदबाट सन् २०२५ देखि २०३० सम्मका लागि कार्य गर्न पाउने गरी म्याद थप भएकोमा उक्त संस्थाले यस गाउँपालिका अन्तर्गत स्वास्थ्य, शिक्षा, आयआर्जन तथा भौतिक पुर्वाधार निर्माणका क्षेत्रमा कार्य गरी Pre Consensus सम्झौतामा हस्ताक्षर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

३७.प्रस्ताव नं ३७ उपर छलफल गर्दा चालु आ व को वार्षिक स्विकृत कार्यक्रम अनुसार पालिकाको लोगो निर्माणका लागि खुला रूपमा प्रस्ताव माग गर्ने र कार्यपालिका बैठकबाट उत्कृष्ट लोगो बनाउने फर्म, संस्था वा व्यक्तिलाई रू ५० हजार पुरस्कार वितरण गर्ने गरी प्रस्ताव आह्वान गर्ने निर्णय गरियो।

३८.प्रस्ताव नं ३८ उपर छलफल गर्दा चालु आ व को वार्षिक स्विकृत कार्यक्रम उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमबाट होमस्टे व्यवसायलाई प्रवर्द्धन गर्न पालिकामा दर्ता भएका होमस्टे व्यवसायलाई ८० प्रतिशत अनुदानमा होमस्टेसँग सम्बन्धीत सामाग्री वितरण गर्ने तथा ८० प्रतिशत अनुदानमा ईन्डक्सन चुल्हो वितरण गर्ने निर्णय गरियो।

३९.प्रस्ताव नं ३९ उपर छलफल गर्दा प्रहरी चौकी जगतलाई दुईथान प्रेसर कुकर तथा ७ थान सिरक डस्ना तथा सिरानी, प्रहरी चौकी सिर्दिवासलाई ७ थान सिरक डस्ना तथा सिरानी खरिद गरी हस्तान्तरण गर्ने तथा प्रहरी चौकी छेकम्पारलाई १० थान पार्टि कुर्सी हस्तान्तरण गर्नें निर्णय गरियो।

निमा लामा
अध्यक्ष

४०.प्रस्ताव नं ४० उपर छलफल गर्दा श्री बुद्ध मा वि फिलिमबाट २०८० को एस ई ई परिक्षामा सहभागी विद्यार्थीहरू नेपाली तथा सामाजिक विषयमा सतप्रतिशत उत्तिर्ण भएकोमा उक्त विद्यालय कक्षा १० का नेपाली विषय शिक्षक श्री पार्वता रेग्मी र सामाजिक विषय शिक्षक श्री प्रमोद पौडेललाई स्रस्टा सम्मान शिर्षकबाट जनही रू ४ हजार (कर बाहेक) सहित प्रमाणपत्र द्धारा सम्मान गर्ने निर्णय गरीयो ।

४१.प्रस्ताव नं ४१ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आ व २०८१।८२ को हिउँदे अधिवेशन मिति २०८१ पौष ७ गते बिहान १० बजेबाट आह्वान गर्ने निर्णय गरियो ।

४२.प्रस्ताव नं ४२ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाबाट संकलन भई संघीय राजश्व खातामा दाखिला गर्नु पर्ने राजश्व दाखिलाका लागि कुमारी बैंक चुमनुब्री शाखालाई प्रयोग अनुमति दिनका लागि राष्ट्रिय वाणिज्य बैंक गोरखा शाखा र कोष तथा लेखा नियन्त्रक कार्यालय गोरखालाई आवश्यक सहमति, समन्वय र सहजीकरणका लागि लेखी पठाउने निर्णय गरियो ।

४३.प्रस्ताव नं ४३ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ६ चुम्लिङ तथा वडा नं ४ नामरूङमा यस क्षेत्रमा बढ्दो चामल खपत, सदरमुकामबाट रहेको भौगोलिक दुरी, भौगोलिक बनावट तथा खाद्य सुरक्षा तथा पहुँचलाई मध्येनजर गर्दै खाद्य डिपो स्थापनाका गर्नका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड गोरखा शाखालाई लेखि पठाउने निर्णय गरियो ।

४४.प्रस्ताव नं ४४ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि लाग्ने पेश भएबमोजिम मुल्य समायोजन नदिने गरी कुल लागत अनुमान रू.१३,८४,७४,५२८।०० (तेह्र करोड चौरासी लाख चौरहत्तर हजार पाँच सय अट्ठाईस रूपैयाँ मात्र), ड्रईङ, डिजाईन तथा ईलेक्ट्रिकल सामानहरूको रेट एनालाईसिस सर्वसम्मतले स्विकृत गर्दै यस क्षेत्रमा निर्माण सामाग्री ढुवानीमा सडक सञ्जालको उपलब्धतालाई मध्येनजर गर्दै उक्त योजना वहुवर्षिय योजनाको रूपमा आ व २०८१।८२ देखि आ व २०८३।८४ सम्म ३ वर्षे योजनाको रूपमा सञ्चालन गर्ने निर्णय गरियो । साथै कुल लागत अनुमान मध्ये रू ५ करोड ४० लाख स्थानीय पूर्वाधार विभागबाट लागत साझेदारी हुने र बाँकी लागत पालिकाले अन्य निकायसँग लागत साझेदारी वा आफैले स्रोत बेहोर्ने गरी बजेटमा प्रथामिकता दिई तपसिल बमोजम आ व अनुसार स्रोत सुनुश्चित गर्ने निर्णय गरियो । साथै स्थानीय पूर्वाधार विभागबाट तपसिल बमोजिम माग भए अनुसार बजेट निकासा नभएमा पालिकाको स्रोतबाट भुक्तानी दिई स्थानीय पूर्वाधार विभागबाट अन्तिम निकासाबाट प्राप्त हुने रकमबाट लागत साझेदारी अनुपात मिलाउने समेत सर्वसम्मतले निर्णय गरियो ।

| योजनाको नाम: गाउँपालिकाको प्रशासकीय भवन निर्माण | | | | |
|---|---|---|---|---|
| सि नं | आर्थिक वर्ष | गा पा बाट बजेट रू | स्थानीय पूर्वाधार विभागबाट रू | जम्मा |
| १ | २०८१।८२ | रू ३,५०,००,००० | रू २५,००,०००।०० | रू ३,७५,००,०००।०० |
| २ | २०८२।८३ | रू २,९०,००,०००।०० | रू २,००,००,०००।०० | रू ४,९४,७३,८१४।०० |
| ३ | २०८३।८४ | रू २,०४,७४,५२८।०० | रू ३,१५,००,०००।०० | रू६,२५,००,०००।०० |
| | जम्मा | रू ८,४४,७४,५२८।०० | रू ५,४०,००,०००।०० | रू १३,८४,७४,५२८।०० |

४५.प्रस्ताव नं ४५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाले बोलपत्र आह्वान गरी खरिद गर्ने सार्वजनिक निर्माण तथा खरिदको ईलेक्ट्रोनिक्स बिडको बीड ओपनिङ समिति तपशिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपशिल:

निमा लामा
अध्यक्ष

अध्यक्ष : ईन्जिनियर श्री संगम पौडेल

सदस्य : सबईन्जिनियर श्री पवन कुमार साह

सदस्य : कम्प्युटर अपरेटर श्री सन्दीप रेग्मी

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिहिनास, गोरखा
गण्डकी प्रदेश, नेपाल

४६.प्रस्ताव नं ४६ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आ व २०८१।८२ को लागि तपशिल बमोजिम खरिद ईकाई गठन गर्ने निर्णय गरियो ।

प्रमुख : ईन्जिनियर श्री संगम पौडेल

सदस्य : कम्प्युटर अपरेटर श्री सन्दीप रेग्मी

सदस्य : वरिष्ठ प्रशासन सहायक श्री वासु देव वली

४७.प्रस्ताव नं ४७ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र सञ्चालन हुने विभिन्न योजनाहरूमा प्रयोग गर्ने गरी बालुवा कलेक्सन तथा ढुवानी दररेट प्रयोग गर्न सडक विभागले निर्माण गरेको Sand and Aggregate Collection Norms स्विकृत गर्ने निर्णय गरियो ।

४८.प्रस्ताव नं ४८ उपर छलफल गर्दा यस चुमनुब्री गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवामा कार्यरत कर्मचारीलाई पालिका अन्तर्गत स्थापित विभिन्न सामुदायिक स्वास्थ्य ईकाईहरूमा आवश्यकता अनुसार कामकाजमा खटाउने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

४९.प्रस्ताव नं ४९ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आ व २०८०।८१ को जिन्सी निरिक्षण गरि प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको जिन्सी निरिक्षण समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल :

संयोजक : वडा नं ३ का वडा अध्यक्ष श्री राम कुमार गुरूङ

सदस्य : कार्यपालिका सदस्य श्री रुवेश घले

सदस्य : कम्प्युटर अपरेटर श्री सन्दीप रेग्मी

५०.प्रस्ताव नं ५० उपर छलफल गर्दा देहायका योजना तथा कार्यक्रममा बजेट विनियोजन तथा थप गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | बजेट रू | स्रोत | कै |
|---|---|---|---|---|
| १ | जगत-झोलुंगेपुल बाटो स्तरोन्नती योजना | रू १५ लाख | पुंजीगत भैपरी | विनियोजन,अत्यावश्यक |
| २ | फिलम चर्च निर्माण योजना | रू ३ लाख | पुंजीगत भैपरी | अपुग बजेट थप |
| ३ | राहत सामाग्री खरिद | रू १० लाख | चालु भैपरी | विनियोजन,अत्यावश्यक |
| ४ | फिलिम-पाति बाटो मर्मत | प्राविधकि मुल्यांकनको आधारमा | प्रकोप व्यवस्थापन कोष | विपद क्षतिको मर्मतको लागि। |

निमा लामा
अध्यक्ष

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा

| | | | | |
|---|---|---|---|---|
| ५ | कुकुर नियन्त्रण कार्यक्रम | रू ३ लाख | चालु भैपरी | विनियोजन,अघिल्लो आ व मा सम्झौता भए बमोजिम कार्यसम्पन्न भएको । |
| ६ | लैससास लेखापरिक्षण खर्च | रू २ लाख | चालु भैपरी | बजेट थप तथा लैससास लेखापरिक्षण खर्च शिर्षकलाई संशोधन गरी लैससास तथा सामाजिक परिक्षण खर्च बनाउने |

५१.प्रस्ताव नं ५१ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका केन्द्र जोड्ने सडक फिलिम एक्लेभट्टी सडक निर्माणका लागि यस अघि पालिकाबाट डिपिआर भईसकेकोमा गाउँपालिका संरक्षण क्षेत्र भित्र पर्ने भएको हुँदा निर्माण कार्यको ठेक्का प्रक्रिया अघि संक्षिप्त वातावरणिय अध्ययन गर्नु पर्ने हुँदा पुँजीगत अनुसन्धान तथा परामर्श शिर्षकबाट रू ५ लाख विनियोजन गरी प्रस्ताव माग गर्ने निर्णय गरियो ।

५२.प्रस्ताव नं ५२ उपर छलफल गर्दा आ व २०८१।८२ को लागि स्थानिय दररेट निर्धारणका लागि वडा केन्द्रबाट वस्तिहरूको दुरी निर्धारण गरी पेश गर्न नापी कार्यालय सिर्दिवासलाई लेखि पठाउने निर्णय गरियो तथा उक्त कार्यका लागि नापी कार्यालयबाट परिचालित कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता गाउँपालिकाबाट भुक्तानि गर्ने निर्णय गरियो ।

५३.प्रस्ताव नं ५३ उपर छलफल गर्दा आ व २०८१।८२ को वार्षिक स्विकृत कार्यक्रम कर्मचारी तथा पदाधिकारी आपतकालिन राहत/उद्दार अन्तर्गत चुमनुब्री गाउँपालिकाका कोही जनप्रतिनिधि, कर्मचारी तथा शिक्षक चुमनुब्री गाउँपालिकाको कार्यसम्पादनको क्रममा कुनै विपदबाट घाईते भई तत्काल सुविधा सम्पन्न अस्पतालमा उपचार गराउनु पर्ने गम्भिर अवस्था भएमा सम्बन्धित वडा कार्यालय वा स्वास्थ्य चौकीबाट सिफारिस भई आएमा कर्मचारी तथा पदाधिकारी आपतकालिन राहत/उद्दार कार्यक्रमबाट खर्च वेहोर्ने गरी स्वास्थ्य गाम्भिर्यताको आधारमा एम्बुलेन्स, गाडी रिजर्भ तथा हेली चार्टड गरि सुविधा सम्पन्न अस्पतालमा उपचार गराउने प्रयोजनार्थ कार्यपालिकाबाट अनुमोदन गराउने गरी खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

५४.प्रस्ताव नं ५४ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७६ को अनुसुची १ को नोट खण्डको ख मा रहेको शब्द झिकि "प्रमाणपत्रको अवधि दर्ता भएको एक वर्षसम्म मान्य रहनेछ र अवधि सकिएको १ महिना भित्र नविकरण गरी सक्नुपर्नेछ र नविकरण नगरेमा प्रत्येक आर्थिक वर्षका लागि चक्रिय प्रणालीमा लाग्नेछ" भन्ने शब्द राख्ने र खण्ड ङ हटाउने निर्णय गरियो ।

५५.प्रस्ताव नं ५५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र रहेको जग्गा वर्गिकरण गर्नका लागि परामर्श सेवा मार्फत सेवा लिन पुँजीगत परामर्श तथा अनुसन्धान शिर्षकबाट खर्च व्यहोर्ने गरी रू १८ लाख रूपैयाँ बजेट व्यवस्था गर्ने तथा चुमनुब्री गाउँपालिका वडा नं ३ अन्तर्गतका रिम खोला झोलुंगे पुल र ओदे खोला झोलुंगे पुलको डि पि आर गर्नका लागि समेत सोही शिर्षकबाट खर्च गर्ने व्यहोर्ने गरी रू ५ लाख बजेट व्यवस्था गर्ने निर्णय गरीयो ।

५६.प्रस्ताव नं ५६ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत विभिन्न स्थान नेपाल टेलिकम 4G सेवा विस्तारका लागि टावर निर्माण तथा स्तरोन्नती गर्नका लागि आवश्यक पर्ने सामाग्री ढुवानी गर्नका लागि नेपाल टेलिकमसँग लागत साझेदारीमा ढुवानी खर्च बेहोर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

निमा लामा
अध्यक्ष

५७.प्रस्ताव नं ५७ उपर छलफल गर्दा पुँजीगत भैपरी शिर्षकबाट तपशिल बमोजिम बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

| सि नं | योजना/कार्यक्रमको नाम | बजेट रू | स्रोत | कै |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | रू १ करोड | आन्तरिक स्रोत(अ ल्या) | बजेट थप |
| २ | परीक्षा सञ्चालन खर्च | रू ५ लाख | आन्तरिक स्रोत(अ ल्या) | विनियोजन |
| ३ | बुडुङ मान्ला डाँडा खानेपानी निर्माण योजना | रू ७ लाख | आन्तरिक स्रोत(अ ल्या) | विनियोजन |
| ४ | मसलन्द तथा कार्यालय सामाग्री | रू ७ लाख | भैपरी चालु | बजेट थप |
| ५ | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम | रू ५ लाख ५० हजार | आन्तरिक स्रोत(अ ल्या) | बजेट थप |
| ६ | स्रष्टा तथा विशिष्ट योगदान कार्यको सम्मान कार्यक्रम | रू ८ लाख | आन्तरिक स्रोत(अ ल्या) | बजेट थप |

५८.प्रस्ताव नं ५८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका निवासी श्री फुञ्जो लामा र नाङसेल छोडेन लामाले विश्वको सर्वोच्च शिखर सगरमाथा हिमाल सफलता पूर्वक आरोहण गरेकोले स्रस्टा सम्मान शिर्षकबाट जनही रू २ लाख ७० हजार, ताम्रपत्र सहित सम्मान गर्ने र सम्मान कार्यक्रम नेपाल पर्यटन बोर्डको सभाहलमा आयोजना गर्ने निर्णय गरियो ।

५९.प्रस्ताव नं ५९ उपर छलफल गर्दा विपदबाट पुर्ण रूपमा घर क्षती भएमा क्षतिको प्राविधिक मुल्यांकनको आधारमा प्रकोप व्यवस्थापन कोषबाट रू २५ हजार देखी १ लाख सम्म राहत रकम वितरण गर्ने तथा विपदबाट चुमनुब्री गाउँपालिका निवासी कसैको ज्यानको गएमा निजको परिवारलाई प्रति मृतक रू १ लाख रकम राहत स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

६०.प्रस्ताव नं ६० उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाका देहायका जनप्रतिनिधि तथा कर्मचारीलाई स्रस्टा सम्मान शिर्षकबाट नगद र प्रमाणपत्र सहित गाउँसभाको १६ औं अधिवेशनमा सम्मान गर्ने निर्णय गरियो ।

| सि नं | नामथर | पद | नगद रू | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मा छेवाङ लामा | वडा अध्यक्ष चुमनुब्री १ | रू २० हजार | 4G सेवा विस्तारमा समन्वयकारी भुमिकालाई मध्येनजर गर्दै |
| २ | राम कुमार गुरूङ | वडा अध्यक्ष चुमनुब्री ३ | रू २० हजार | दोस्रो कार्यकाल वडा अध्यक्ष पदमा निर्वाचित भई विकास तथा सेवा प्रवाहमा योगदान पुर्याएको । |
| ३ | विष्णु कुमारी गुरूङ | स अ न मी सिर्दिवास स्वा चौ | रू २० हजार | करिब २९ वर्ष स्वास्थ्यकर्मीको रूपमा चुमनुब्री क्षेत्रमा सेवा गरेको । |

निमा लामा
अध्यक्ष

६१. प्रस्ताव नं ६१ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका भित्र पशु बीमा कार्यक्रम सञ्चालन गर्नका लागि नेपाल बीमा प्राधिकरणलाई अनुरोध गरी संस्थागत रूपमा पशु बीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

६२. प्रस्ताव नं ६२ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ६ र ७ चुमभ्याली प्रवेश गर्दा विदेशी पर्यटकले नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभागबाट स्पेशल परमिट लिनु पर्ने कारणले उक्त क्षेत्रमा पर्यटकको आवागमन निकै नै कम हुन गएको हुँदा चुमनुब्री गाउँपालिकालाई निषेधित क्षेत्रको सूचीबाट हटाउँदै उक्त स्पेशल परमिट लिने व्यवस्था हटाईदिन नेपाल सरकार गृह मन्त्रालयलाई लिखित रूपमा अनुरोध गर्ने निर्णय गरियो ।

६३. प्रस्ताव नं ६३ उपर छलफल गर्दा मिति २०८१ मंसिर १६ गते चुमनुब्री गाउँपालिका लोक्पा सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत अनमी श्री सुजा गुरूङ कार्यालयमा जाँदै गर्दा भिरबाट ढुंगा खसेर छातीमा लागि सिकिस्तै घाईते भएकोमा कर्मचारी तथा जनप्रतिनिधि आपतकालिन उद्धार कार्यक्रमबाट रू २ लाख ८० हजार खर्च गरी हेली मार्फत काठमाडौं उपचार गर्न लगिएकोमा उक्त खर्च सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

६४. प्रस्ताव नं ६४ उपर छलफल गर्दा आ व २०८१।८२ मा बजेट विनियोजन भएका तपशिल बमोजिमका वडा समितिको निर्णयबाट प्राप्त भए अनुसार योजना/कार्यक्रम संशोधन गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | स्थान | संशोधन भई कायम हुने नाम | कारण |
|---|---|---|---|---|
| १ | सल्लेरी ढल व्यवस्थापन योजना | चुमनुब्री-३ | भालुवान ढल व्यवस्थापन तथा खानेपानी योजना | सल्लेरीमा हाईड्रो पावन निर्माण हुनाले वस्ती स्थानान्तरण हुन सक्ने । |
| २ | बन्दे गुम्बाको भुई ढलान योजना | चुमनुब्री-६ | बन्दे गुम्बा भुई ढलान तथा भान्सा घर मर्मत योजना | कार्य थप गर्नु पर्ने भएको हुँदा |
| ३ | ल्हो सामुदायिक भवन घेरावार निर्माण योजना | चुमनुब्री-२ | ल्हो सामुदायिक भवन घेरावार तथा मर्मत योजना | कार्य थप गर्नु पर्ने भएको हुँदा |
| ४ | ल्हो स्वास्थ्य चौकी भवन भित्र भुई ढलान योजना | चुमनुब्री-२ | ल्हो स्वास्थ्य चौकी भुई ढलान, फर्निचर व्यवस्थापन तथा मर्मत योजना | कार्य थप गर्नु पर्ने भएको हुँदा |
| ५ | गोङ्गोरमा देखि थेराकनेन सम्म गोरेटो बाटो निर्माण योजना | चुमनुब्री-५ | क्रयावाक देखि सिमानाङ सम्म बाटो निर्माण योजना | वडा समितिबाट अत्यावश्यक भनी लेखि आएको । |
| ६ | छेकम्पार सामुदायिक भवन निर्माण योजना क्रमागत | चुमनुब्री-७ | छेकम्पार लघुजलविद्युत मुहान तथा पावर हाउस | सामुदायिक भवनका लागि जग्गा उपलब्ध नभएको |

निमा लामा
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | संरक्षण योगना | |
| ७ | लार फर्पे पाङदुङ संयुक्त सामुदायिक भवन निर्माण योजना | चुमनुब्री-७ | फर्बे लाकाङ गुम्बा निर्माण तथा मर्मत योजना | सामुदायिक भवनका लागि जग्गा उपलब्ध नभएको |
| ८ | छाक सामुदायिक भवन निर्माण योजना | चुमनुब्री-४ | टासि छोलिङ गुम्बा किचन निर्माण तथा व्यवस्थापन योजना | सामुदायिक भवनका लागि जग्गा उपलब्ध नभएको |

६५. प्रस्ताव नं ६५ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं १ धर्मशालामा धर्मशाला निर्माण गरिदिनका लागि भारतिय राजदुतावासमा अनुरोध गर्ने निर्णय गरीयो ।

६६. प्रस्ताव नं ६६ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ६ को कार्यालय चुम्चेतको नाममा रहेको साविक चुम्चेत ९ को कित्ता नं ८० को जग्गा वडा नं ६ को वडा समितिको निर्णय तथा वडा अध्यक्षको सिफारिस बमोजिम श्री सिद्ध गणेश आधारभुत विद्यालयको भवन निर्माण गर्ने प्रयोजनका लागि उपभोग गर्न दिने निर्णय गरियो ।

६७. प्रस्ताव नं ६७ उपर छलफल गर्दा आ व २०८१।८२ मा हाल सम्म कार्यपालिका बैठकको निर्णयानुसार भएका योजना संशोधन तथा रकमान्तरका निर्णयलाई अनुमोदन गर्दै गत वर्षको अ ल्या रकम अनुमानित भन्दा वास्तविक रकम बढेको हुँदा उक्त स्रोतबाट तपसिल बमोजिमका योजना तथा कार्यक्रममा बजेट विनियोजन/थप गरी आ व २०८१।८२ को संशोधित वार्षिक आय/व्ययको अनुमान रू ४२,६६,९६,४००।०० सहितको वार्षिक कार्यक्रम सभाबाट स्विकृत गर्ने निर्णय गरियो ।

तपसिल:

| सि न | योजना/कार्यक्रमको नाम | विनियोजित बजेट रू | कै |
|---|---|---|---|
| १ | गाउँपालिका प्रशासकीय भवन निर्माण | १ करोड | |
| २ | चालु भैपरी | ५० लाख | |
| ३ | पुँजीगत भैपरी | ५० लाख | |

६८. प्रस्ताव नं ६८ उपर छलफल गर्दा नेपाल कराते महासंघ गोरखालाई प्राप्त प्रस्ताव तथा बिल भरपाईको आधारमा संघ/संस्था सहायता शिर्षकबाट रू ३५ हजार भुक्तानी दिने निर्णय गरियो ।

निमा लामा
अध्यक्ष